प्रतिदिन १६औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : १०१ ॥ २०८१ जेठ ०८ गते मंगलबार (21st May 2024 Tuesday) Pratidin National Daily मूल्य-रु.५/-

# चौथो पटक प्रधानमन्त्री दाहाललाई विश्वासको मत



झापा(प्रस) । प्रधानमन्त्री पुष्पकमल दाहालले चौथो पटक विश्वासको मत पाएका छन् ।तेस्रो कार्यकालमै प्रधानमन्त्री दाहालले प्रतिनिधिसभाबाट चौथो पटक विश्वासको मत लिएका हुन् । सोमबार प्रधानमन्त्री दाहालले कांग्रेसको अवरोधका बीचमा विश्वासको मत लिएका हुन् ।

प्रधानमन्त्री दाहालले आफ्नो पक्षमा १५७ मत पाए । त्यस्तै प्रधानमन्त्री दाहाललाई मत दिन्न भन्नेमा १ मत परेको सभामुख देवराज घिमिरले सदनलाई जानकारी दिएका थिए । सोमबारको बैठकमा १५८ सांसद उपस्थित रहेको सभामुख घिमिरेले जानकारी दिए ।

प्रधानमन्त्री दाहालले संविधानको धारा १०० को उपधारा (२) अनुसार विश्वासको मत लिएका हुन् । प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा तीस दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतका लागि प्रतिनिधि सभासमक्ष प्रस्ताव राख्नु पर्दछ ।

जनता समाजवादी पार्टी, नेपालले वैशाख ३१ गते संविधानको धारा ७६ को उपधारा (२) बमोजिमको प्रधानमन्त्री दाहाल नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । यसअघि प्रधानमन्त्री दाहालले फागुन ३० गते विश्वासको मत लिएका थिए । तेस्रो पटक विश्वासको मत लिँदा दाहालको पक्षमा १५७ सांसद थिए ।

२०७९ मंसिरको प्रतिनिधिसभा निर्वाचनपछि दाहाल नेतृत्वमा २०७९ पुस १० मा सरकार गठन भएको थियो । एमाले, रास्वपा, राप्रपा, जसपालगायत दलहरू संलग्न सरकारको नेतृत्व गर्दै दाहालले पहिलो पटक प्रतिनिधिसभाबाट २०७९ पुस २६ मा विश्वासको मत लिएका थिए । त्यतिबेला प्रतिपक्षको बेन्चमा बसेको कांग्रेससमेतले दाहाललाई विश्वासको मत दिएको थियो ।

दाहालले राखेको पहिलो विश्वासको मतको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा प्रतिनिधिसभा बैठकमा उपस्थित २७० सांसदमध्ये २६८ ले पक्षमा मत दिएका थिए । त्यतिबेला उनको विपक्षमा राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसी र नेमकिपाका प्रेम सुवालले मात्रै मत राखेका थिए ।

राष्ट्रपति निर्वाचनसँगै दाहालले २०७९ फागुन दोस्रो साता एमालेसँगको गठबन्धन तोडेर कांग्रेससँग सत्तायात्रा सुरु गरे । परिणामस्वरूप कांग्रेसबाट राष्ट्रपति उम्मेदवार बनेका रामचन्द्र पौडेलको शीतल निवास यात्रा सुरु भयो । एमालेसँगको गठबन्धन तोडिएपछि दाहालले दोस्रो पटक २०७९ चैत ६ मा

# युवा खेलाडी उत्पादन गर्न फुटबल प्रशिक्षण

धरमपुर(प्रस)। शिवसताक्षी नगरपालिका ३ को सहयोगमा सोमबारदेखि फुटबल प्रशिक्षण सुरु भएको छ ।

वडाबाट उत्कृष्ट युवा खेलाडी उत्पादन गर्ने उद्देश्य राखेर आधारभूत तहको फुटबल प्रशिक्षण थालिएको वडा अध्यक्ष भाष्कर न्यौपानेले बताए । 'यो प्रशिक्षणमा वडाका ६० किशोर र युवा सहभागी हुनेछन्,' वडा अध्यक्ष न्यौपानेले भने ।

'किशोर -किशोरी, युवा - युवतीले खेलकुदको माध्यमबाट शारीरिक, मानसिक रुपमा अब्बल रहन सके भने गाउँ, समाज नगरको विकासमा टेवा पुर्याउन सक्छन् । त्यसैका लागि पनि वडाले खेलकुदलाई १ लाख ५० हजार बजेट छुट्याएको छ,' उनले भने । फुटबल प्रशिक्षणमा वडाका किशोर किशोरी, युवा युवती र खेलाडीलाई सहभागी हुन वडा अध्यक्ष न्यौपानेले आग्रह गरेका छन्।

स्थानीय भानु माध्यमिक विद्यालयको मैदानमा हुने फुटबल प्रशिक्षणको मुख्य प्रशिक्षकमा पूर्व राष्ट्रिय खेलाडी फुर्वा तामाङ र बुद्ध पेहिमले सहजीकरण गर्ने शिवसताक्षी नगरपालिका वडा नम्बर ३ को वडा कार्यालयले जनाएको छ।

वडा खेलकुद विकास समितिको आयोजनामा भएको उक्त कार्यक्रम वडा अध्यक्ष भाष्कर न्यौपानेको प्रमुख आतिथ्यतामा भएको थियो।

कार्यक्रममा वडा सदस्य शंकर राई, पासाङ दोर्जे तामाङ, नगरपालिकाका कार्यक्रम अधिकृत महेश लामिछाने, भानु माध्यमिक विद्यालय पाराबारीका प्रधानाध्यापक विजय चौधरी, शान्ति आधारभूत विद्यालयका प्रधानाध्यापक विष्णु भट्टराई, नगर खेलकुद विकास समितिका संयोजक सुरज रिङ्गालुङ राई, पाराबारी बजार विकास समितिका अध्यक्ष मेघराज ओझालगायतको सहभागिता थियो।

कार्यक्रम खेलकुद विकास समितिका अध्यक्ष उदय देवानको सभापतित्व र सुभाष तामाङको सञ्चालनमा भएको थियो।

# मेचीनगरलाई लागूऔषधमुक्त नगर बनाउने पहल




• **लक्ष्मी उप्रेती**

मेचीनगर । नगरलाई लागूऔषधमुक्त बनाउन जुटेको मेचीनगर नगरपालिकाले पछिल्लो समय विविध रचनात्मक कार्यलाई तीब्रता दिएको छ ।

मेचीनगरलाई निकट भविष्यमा लागूऔषध प्रयोगमुक्त नगरपालिका बनाउने उद्धेश्यका साथ ' प्रारम्भिक प्रशिक्षण कार्यक्रम' सम्पन्न गरिसकेको छ भने अन्य थुप्रै वडास्तरीय साना कार्यक्रमसमेत सम्पन्न भएका छन् । झापामा खुला सीमाका कारण प्रहरी प्रशासनलाई छलेर लागूऔषध सहजै रुपमा भित्रिने गरेको छ । यसमा बालबालिकालाई समेत प्रयोग गरिएको पाइन्छ । सम्बन्धित निकाय र स्थानीय तहहरुले यो समस्यालाई दिर्घकालीन रुपमा समाधान गर्न नसकिरहेको अवस्थामा मेचीनगर नगरपालिकाले सक्रियता देखाएको छ ।

लागूऔषध दुर्व्यसनी राष्ट्रको ठुलो समस्या भएको र त्यसको अन्त्य पूर्वी नाकाबाटै गर्नेगरी मेचीनगर नगरपालिका र नार्कोनन् नेपाल संस्थाको संयुक्त पहलमा केही दिनअघि कार्यक्रम आयोजना गरिएको थियो ।

लागूपदार्थको दुर्व्यसनी भएपछि चोरी, डकैती, हत्याजस्ता आपराधिक क्रियाकलाप मात्र नभएर साना, मध्यम वर्गीयदेखि विश्वमा ठुल्ठुला राजा महाराजाका घरसमेत सकिएको भन्दैं यस्तो कुलतमा जानेर वा नजानेर फसेका युवाहरुलाई बाहिर निकालेर सहजरुपमा जीवनयापन गराउन स्थानीय सरकार लागिपरेको नगरप्रमुख गोपालचन्द्र बुढाथोकीको भनाई छ । 'लागूऔषधको समस्या एउटा पालिकाको मात्र होईन' नगरप्रमुख बुढाथोकीले भने ,'घरपरिवार, समाज अनि राष्ट्रकै समस्या हो र यसले सबै क्षेत्र तहसनहस पार्छ ।'

❖ बाँकी अन्तिम पृष्ठमा

# लक्की रेष्टुरेन्टबाट दुई लागूऔषध कारोबारी पक्राउ

झापा(प्रस) । झापा बिर्तामोडको लक्की रेष्टुरेन्ट एण्ड फास्टफुडबाट दुई लागूऔषध कारोबारी पक्राउ परेका छन् ।



आइतवार दिउँसो ४ बजेको समयमा विर्तामोड ३ स्थित लक्की रेष्टुरेन्ट एण्ड फास्टफुडको रुम नम्बर सी फोरबाट बिशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय झापा र इलाका प्रहरी कार्यालय बिर्तामोडबाट खटिएको संयुक्त प्रहरी टोलीले बिर्तामोड नगरपालिका वडा नं. ५ गणपति बेकरी छेउ बस्ने २६ वर्षीय कुन्दनकुमार शर्मा र भारत पश्चिम बंगाल खोरीबारी मैनागुरी बस्ने २३ वर्षीय रोहित मुखियालाई पक्राउ गरेको हो । उनीहरुको साथबाट २० ग्राम ४०० मिलिग्राम ब्राउनसुगर बरामद भएको छ । सोमवार झापा जिल्ला अदालतबाट लागूऔषध मुद्धामा म्याद थपको लागि कानुनी प्रक्रिया प्रारम्भ गर्नुका साथै सो सम्बन्धमा अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

यसैगरी मोरङको रतुवामाई नगरपालिका-२ मा इलाका प्रहरी कार्यालय डोरियाबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेका पैदलयात्री रतुवामाई- ९ का २३ बर्षीय बिशाल थारु चौधरीलाई ट्रामाडोल, स्पास्मो र नाईट्राभेट गरि जम्मा ३५७ ट्याब्लेटसहित पक्राउ गरेको छ । त्यस्तै इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले ३३ मिलिग्राम ब्राउनसगुरसहित बिराटनगर-१६ दरैयाबाट बिराटनगर- ११ की ३२ बर्षीया कल्पना राजभण्डारीलाई पक्राउ गरेको छ ।

त्यस्तै सुनसरीको हरिनगर गाउँपालिका-७ स्थित प्रहरी चौकी घुस्की र अस्थाई प्रहरी चौकी मोतीटप्पुबाट खटिएको प्रहरी टोलीले को. ३८ प ८८९२ र को. १३ प ४२४५ नम्वरको मोटरसाईकललाई रोकी चेकजाँच गर्दा उक्त मोटरसाईकलबाट स्रोत नखुलेको नेपाली नगद १० लाख ९ हजार २६० र भारु १३०, नियन्त्रित औषधि स्पास्मो ३२ पिस, गाँजासहितको चिलिम १ थान र बिभिन्न कम्पनीको मोवाईल ५ थान बरामद गरेसंगै मोटरसाईकलमा सवार देवानगंज-२ का २५ बर्षीय रहमान मियाँ , २४ बर्षीय सफराज मियाँ, २१ बर्षीय कुन्दन यादव, १९ बर्षीय विकासकुमार यादव र १८ बर्षीय प्रकाशकुमार यादवलाई नियन्त्रणमा लिएको छ । पक्राउ परेका उनीहरुको सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# कोशी योजना आयोगको उपाध्यक्षमा अधिकारी




झापा(प्रस)। कोशी प्रदेशको योजना आयोगको उपाध्यक्षमा राजेन्द्रप्रसाद अधिकारी नियुक्त भएका छन् । प्रदेश सरकारको सोमबार बसेको मन्त्रिपरिषद् बैठकले अधिकारीलाई आयोगको उपाध्यक्षमा नियुक्त गर्ने निर्णय गरेको हो । झापा बिर्तामोड ७ गरामनी निवासी अधिकारी मेची बहुमुखी क्याम्पसका अर्थशास्त्र विषयको उप-प्राध्यापक हुन् । उनले नेपाली अर्थतन्त्रमा मुद्रा आपूर्ति र मूल्यस्तरबीचको सम्बन्ध विषयमा विद्यावारिधि पूरा गरेका छन् ।

आन्तरिक मामिला तथा कानुनमन्त्री लिलावल्लव अधिकारीले मन्त्रिपरिषद् बैठकबारे जानकारी दिँदै मुख्य न्यायाधिवक्ता कार्यालयको वार्षिक प्रतिवेदन प्रदेशसभामा पेस गर्ने निर्णय भएको बताए ।

सोलु दूधकुण्ड, फुङलिङ र खाँदबारी नगरपालिकामा आप्रवासन केन्द्र स्थापना गर्न पाँच लाख दुई हजारका दरले रकमान्तर गरी बजेट पठाउने निर्णय भएको अधिकारीले बताए । पुष मसान्तसम्म सम्बन्धित मन्त्रालयले काम गर्न नसकेकोले मन्त्रिपरिषद्ले निर्णय गरेको बताए । योजना आयोगको उपाध्यक्षमा नियुक्त अधिकारीले सोमवार साँझ सपथ ग्रहण गरेका छन् ।

# करेन्ट लागेर एक जनाको मृत्यु



झापा(प्रस) । मोरङको बिराटनगर महानगरपालिका-१९ का ३० बर्षिय राजु ऋषिदेवको करेन्ट लागेर मृत्यु भएको छ ।

आइतवार बेलुका ९ बजे आफ्नै घरमा बिजुलीको बल्ब लगाउने क्रममा अचानक करेन्ट लागेर घाइते भएका उनलाई उपचारको लागि कोशी अस्पताल बिराटनगर लगिएकोमा उपचारको क्रममा मृत्यु भएको हो । घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालय मोरङबाट थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।



# खुला म्याराथनमा होमलाल र महिला हाफमा सुनसरी प्रथम

झापा(प्रस) । ताप्लेजुङ पर्यटन महोत्सवको अवसरमा आयोजित खुला म्याराथनमा नेपाल आर्मी क्लबका होमलाल श्रेष्ठ प्रथम भएका छन् । निर्धारित दूरी चार घण्टा पाँच मिनेट २७ सेकेण्डमा पार गर्दै प्रथम भएका हुन् ।

यस्तै, महिला हाफ म्याराथनतर्फ नेपाल आर्मी क्लबकै सुनसरी रोकाया प्रथम भएकी छन् । रोकायाले निर्धारित दूरी तीन घण्टा ४४ मिनेट ५२ सेकेण्डमा पार गर्दै प्रथम बन्न सफल भएकी हुन् । खुलातर्फ म्याराथन प्रतियोगितामा आर्मी क्लबकै तिलक सुनुवार द्वितीय र पाँचथरको फिदिम नगरपालिका-१० प्रताप थाम्सुहाङ तृतीय भएका छन् ।
महिला हाफतर्फ फुङ्लिङ नगरपालिका-६ की कुमारी गुरुङ र मैवाखोला गाउँपालिका-२ की विनीता तामाङ तृतीय भएकी छन् । खुला म्याराथनतर्फ सदरमुकाम फुङ्लिङदेखि पाथीभरा धाम पुगेर पुनः फुङ्लिङ बजार आइपुग्नुपर्ने गरी करिब ४७ किलोमिटर दूरी कायम गरिएको थियो । त्यस्तै महिला हाफ म्याराथनतर्फ पनि फुङ्लिङदेखि पाथीभरा क्षेत्रको काफ्लेपाटीसम्म पुगेर फुङ्लिङ बजार नै आइपुग्नुपर्ने करिब ३६ किलोमिटर दूरी कायम गरिएको थियो ।

खुला म्याराथनका विजेताले एक लाख ५१ हजार १११ रुपैयाँ, उपविजेताले एक लाख ११ हजार १११ रुपैयाँ नगद पुरस्कार प्राप्त गर्ने छन् । त्यस्तै महिला हाफतर्फका विजेताले ८१ हजार १११ र उपविजेताले नगद ५१ हजार १११ रुपैयाँ नगद पुरस्कार प्राप्त गर्ने छन् । खुला म्याराथनमा ११३ जना र महिला हाफ म्याराथनमा ४७ जना प्रतिस्पर्धी सहभागी भएका थिए।

# 'अधुरो प्रेम' अब चलचित्र

झापा(प्रस) । कथावाचक साइग्रेस पोखेलको अडियो नोभेल 'अधुरो प्रेम' को कथावस्तुमा चलचित्र निर्माण गरिने भएको छ ।



शनिबार काठमाडौँको राष्ट्रिय सभागृहमा आयोजित 'वर्ड टुर विथ साइग्रेस' को ६०औँ शृङ्खलामा साइग्रेस आफैँले चलचित्रको घोषणा गरेका हुन् । चलचित्रलाई शिशिर खातीले निर्देशन र प्लानेट थ्री फिल्म्सले निर्माण गर्ने भएको छ । चलचित्रको शीर्षक पनि अडियो नोभेलको नामबाट 'अधुरो प्रेम' नै राखिएको छ ।

## चौथो...

प्रतिनिधिसभामा विश्वास पाउँ भनेर प्रस्ताव पेस गरे ।
दोस्रो पटक विश्वासको मत लिँदा दाहालको पक्षमा कांग्रेस, माओवादी केन्द्र, जसपा, एकीकृत समाजवादी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय जनमोर्चा र स्वतन्त्र सांसदहरू प्रभु साह, अमरेशकुमार सिंहलगायत उभिएका थिए । दोस्रो पटक विश्वासको मत लिँदा प्रधानमन्त्री दाहालको पक्षमा सदनमा उपस्थित २६२ सांसदमध्ये १७२ सांसदले पक्षमा भोट हालेका थिए । दाहालको विपक्षमा ८९ सांसदले राखे भने नेमकिपा 'मत दिन्न' भन्ने पक्षमा उभिएको थियो ।

## मेचीनगरलाई...

युवाहरुलाई लागूऔषधको कुलतबाट जोगाउनका लागि सक्रियता अगाडि नबढाए यसले डरलाग्दो अवस्थामा पुऱ्याउने मेचीनगर नगरपालिका उपप्रमुख मीना पोखरेल उप्रेतीको भनाई छ । लागूऔषधको प्रयोगलाई न्यूनीकरण गर्नका लागि नगरपालिकाले सचेतना कक्षा सञ्चालन गरी किशोर र युवाहरुलाई सजग गराउने काम गर्दै आएको उनले बताइन् । यसै क्रममा जेठ २ देखि ६ गतेसम्म नगरपालिकाले लागूपदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि गर्ने उद्धेश्यका साथ प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । लागूऔषध तथा सुर्तीजन्य पदार्थले समाजमा पारिरहेको असर न्यूनीकरण गर्नका लागि नगरका प्रत्येक वडाबाट २/२ जना सहभागीलाई प्रशिक्षण प्रदान गरिएको प्रशिक्षक सोमराज ढकालले जानकारी दिए । कार्यक्रममा लागूऔषध तथा सुर्तीजन्य पदार्थ नियन्त्रणका लागि सामाजिक परिचालनका विधि र प्रक्रियाहरुका विषयमा प्रशिक्षक गोविन्द न्यौपाने तथा लागूऔषध प्रयोगकर्ताहरुको उपचार तथा पुनःस्थापनाका विषयमा प्रशिक्षक राजु बुढाथोकीले जानकारी गराएका थिए ।

नगरपालिकाका वरिष्ठ प्रशासकीय अधिकृत अन्नतप्रकाश वस्ती, सन्दिप सापकोटा, मानसिक रोग विशेषज्ञ चिकित्सक, तथा लागूऔषध नियन्त्रण व्यूरोका प्रहरी नायव निरीक्षकलगायतका प्रशिक्षकहरुले सहभागीहरुलाई प्रशिक्षण दिएका थिए । कार्यक्रमको समापन समारोहमा बोल्दैं नगर प्रमुख बुढाथोकीले समाजमा निकै ठूलो समस्यामा रहेको लागूऔषधको कारोवार र सेवनलाई न्यूनीकरण गर्दै नगरलाई लागूऔषध प्रयोगमुक्त नगरपालिका बनाउने काममा महत्वपूर्ण भूमिका खेल्न सुझाव दिए । यो कार्यक्रमलाई अवसरका रुपमा लिएर तालिममा सिकेको कुरालाई प्रत्येक गाउँ-गाउँ शहर-शहर र शैक्षिक संस्थामा पुर्याउनसमेत सहभागीहरुलाई नगर प्रमुख बुढाथोकीले आग्रह गरे । विकराल समस्याको रुपमा देखिएको लागूऔषधको समस्या समाधानमा सबै संयन्त्र लाग्नु पर्ने नगर उपप्रमुख उप्रेतीको जोड छ । लागूऔषध प्रयोगकर्ताका कारण जिल्लामा विभिन्न आपराधिक क्रियाकलापमा वृद्धि हुँदै गएका कारण त्यसविरुद्ध प्रहरी कडारुपमा प्रस्तुत भएको छ । जिल्लामा पछिल्लो समय लागूऔषधका मुद्धाको चाङ पनि निकै ठुलै छ । जिल्ला प्रहरी कार्यालय झापाको अभिलेख अनुसार चालु आर्थिक वर्ष २०८०/०८१ को दश महिनामा यसमा संलग्न स्वदेशी र विदेशी गरी कुल ३ सय ७२ जना पक्राउ परिसकेका छन् ।

## नेपाल पत्रकार महासंघ झापा शाखाको सूचना

मिति २०८१ वैशाख १७ गते भएको नेपाल पत्रकार महासंघ झापा शाखाको १४ औं जिल्ला अधिवेशन अन्तर्गतको स्थगित बन्दसत्र मिति २०८१ जेठ ७ गतेको कार्यसमितिको बैठकको निर्णय बमोजिम सञ्चालन हुने भएकाले महासंघ झापा शाखाका सबै सदस्यहरुलाई अनिवार्य उपस्थितिका लागि सादर अनुरोध छ ।

**बन्दसत्र सञ्चालन हुने**
मितिः २०८१ जेठ ९ गते बुधबार
स्थानः बिर्तामोड (अतिथि सदन)
समयः विहान ११ बजे
पुनश्चः वैशाख १७ गते भएको अधिवेशनमा वितरण गरिएको प्रतिवेदनसहित उपस्थित भइदिनुहुन अनुरोध छ ।

## हात्तीपाइले रोग विरुद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरूरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०८१ साल वैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरुद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सेवन गराइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान २०८१ वैशाख २५ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधी आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

**हात्तीपाइले रोगका लक्षणहरू**



- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरूषको अण्डकोष वरपर नसाहरू फुल्ने
- पुरूषमा अण्डकोष ठुलो भई हाइड्रोसिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरूबाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

**बिर्तामोड नगरपालिका**
स्वास्थ्य शाखा
झापा, कोशी प्रदेश, नेपाल

## एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. ... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

### निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश , झापा जिल्ला, भद्रपुर नगरपालिका वडा नं.-०२ स्थायी ठेगाना भई झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं.-०४ बस्नुहुने श्री नानी छोरी महर्जनका नाति, श्री मोहन महर्जनका छोरा, श्री हरिबोल महर्जनको मिति २०८१/०१/१२ गते मृत्यु भएकाले निजको नाममा यस बैंकको शाखा कार्यालय भद्रपुरमा रहेको वचत खाता नं. 00901000043002000001मा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती सुभद्रा प्रधानले मिति २०८१/०१/२७मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ वमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्वन्धित सवैमा जानकारीका लागि सूचित गरिएको छ ।

शाखा कार्यालय, भद्रपुर
फोन नं. ०२३– ५२३३०८ मो: ९८०२३१२३०९

## श्री सतासी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

"समुदायमा आधारित पारदर्शी, सवल, सक्षम, बित्तिय तथा व्यवसायिक सहकारी"
र.न. ३/१/७( ७८)०५३/५४ पान नं. ३०२०६०६४३
Satashi Multipurpose Cooperative Society Ltd.
Grow With Us
प्रधान कार्यलय :- बिर्तामोड-५, झापा
सम्पर्क नं. : ०२३- ५४५२८७ ई-मेल : satashi87@gmail.com वेवसाइट : satashi.coop.np

### धितो लिलामी सम्बन्धी ३५ दिने सूचना

मिति २०८१ जेष्ठ ०६

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा, व्याज र अन्य दै-दस्तुर समेत यसै संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई सो सम्बन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा लिखित पत्रमार्फत तारताकेता गर्दा समेत सोको बेवास्ता गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्नको लागि पटक पटक **पूर्वाञ्चल राष्ट्रिय दैनिक**बाट कर्जा चुक्ता गर्ने ३५ दिने सूचना प्रकाशन गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्नतर्फ कुनै पहल नगरी आलटाल गरेको हुनाले कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो ( सम्पत्ति) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरी लिनुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त मितिभित्र नतिरे नबुझाएमा प्रचलित कानुन बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३६औं दिन र सो दिन बिदा परे त्यसको भोलिपल्ट यस संस्थाको कार्यालयमा यस संस्थालाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गरिने हुँदा खरिद गर्न ईच्छुक महानुभावहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । धितो सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुर असुल उपरका लागि अन्य कानूनी प्रक्रिया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचनाद्वारा सूचित गरिन्छ ।

तपशिल

| क्र.स. | ऋणीको बिवरण | जग्गाको बिवरण |
|---|---|---|
| १ | नाम : बेनु प्रसाद बिमली ठेगाना : कनकाई-०५<br>बाबुको नाम : भगीरथ बिमली बाजेको नाम : कपिलमणि बिमली<br>श्रीमतीको नाम : टिका देवी बिमली | जग्गाधनीको नाम : बेनु प्रसाद बिमली<br>जग्गाको साबिक ठेगाना : सुरुङ्गा : ०२<br>कित्ता नं. : २७१३, २७२१ क्षेत्रफल : २३८७.३४, १६२५.४० व.मि. |
| २ | नाम : चिन्तामणी पोखेल ठेगाना : बिर्तामोड-१० बाबुको<br>नाम : गुरु प्रसाद पोखेल बाजेको नाम : डिल्लीराम पोखेल<br>श्रीमतीको नाम : तुलसा नेपाल | जग्गाधनीको नाम : चिन्तामणी पोखेल<br>जग्गाको साबिक ठेगाना : गरामनी-०९<br>कित्ता नं. : ४०९ क्षेत्रफल : २६५९ व.मि. |
| ३ | नाम : मधु कुमारी अधिकारी ठेगाना : मचानगर-११<br>बाबुको नाम : कृष्ण प्रकाश लिम्बु बाजेको नाम : छत्र बहादुर लिम्बु<br>श्रीमानको नाम : कृष्ण प्रसाद अधिकारी | जग्गाधनीको नाम : कृष्ण प्रसाद अधिकारी<br>जग्गाको साबिक ठेगाना : धाइजन-०९<br>कित्ता नं. : ८६४ क्षेत्रफल : १८६.२३ व.मि. |
| ४ | नाम : दिलिप गिरी ठेगाना : अर्जुनधारा-०८<br>बाबुको नाम : प्रेम प्रसाद गिरी बाजेको नाम : लक्ष्मी प्रसाद गरी<br>श्रीमतीको नाम : सलिजा लिम्बु सुब्बा | जग्गाधनीको नाम : दिलिप गिरी<br>जग्गाको साबिक ठेगाना : पथ्वीनगर-०८<br>कित्ता नं. : ५९०, ५८९ क्षेत्रफल : ३९७.७४, ४५ व.मि. |

नोटः यदि धितो लिलाम बिकी हुन नसकेमा संस्थाले आफै उक्त धितो सदर गरी आफ्ना नाममा नामसारी गरिलिने छ ।

प्रबन्धक
सन्तोष कुमार श्रेष्ठ

"समुदायमा आधारित पारदर्शी, सवल, सक्षम, बित्तिय तथा व्यवसायिक सहकारी"
र.न. ३/१/७( ७८)०५३/५४ श्री पान नं. ३०२०६०६४३
सतासी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
Satashi Multipurpose Cooperative Society Ltd.
Grow With Us
प्रधान कार्यलय :- बिर्तामोड-५, झापा
सम्पर्क नं. : ०२३- ५४५२८७ ई-मेल : satashi87@gmail.com वेवसाइट : satashi.coop.np

### धितो लिलामी डाक बढाबढ सम्बन्धी १५ दिने सूचना

सूचना प्रकाशन मिति २०८१।०२।०६

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा, व्याज र अन्य दै-दस्तुर समेत यसै संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई सो सम्बन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट, लिखित पत्र तथा पत्रिकामार्फत ताकेता गर्दा समेत बेवास्ता गरेको साथै मिति २०८० साल चैत्र २५ गतेका दिन धितो लिलाम सम्बन्धी ३५ दिने सूचना प्रतिदिन राष्ट्रिय दैनिकबाट प्रकाशन भएको र सोको समेत बेवास्ता भएको हुनाले सहकारी ऐन २०७४, संस्थाको स्वीकृत विनियम २०५३(संशोधन सहित),सहकारी मापदण्ड २०७८ र कर्जा लगानी तथा असुली निति २०६९ (संशोधन २०८०) समेतलाई आधार मानि मिति २०८१ जेष्ठ ०४ गते बसेको ऋण उपसमितिको निर्णय बमोजिम मिति २०८१ जेष्ठ २१ गते दिनको ११ बजे संस्थाको प्रधान कार्यालय विर्तामोडमा डाक बढाबढ प्रक्रियाबाट धितो लिलामी प्रकृया हुने सबैमा सूचित गरिन्छ । धितो लेखिदिने र व्यक्तिगत जमानी दिनु हुने सम्पूर्ण महानुभावहरुले समेत यसै सूचनाबाट जानकारी लिनुहुन सूचित गरिन्छ । उक्त दिन सम्बन्धित जग्गाधनी र ऋणीलाई समेत उपस्थितिका लागि अनुरोध गरिन्छ तर निजहरु अनुपस्थित भएमा लिलामी प्रक्रियामा बाधा पुगेको मानिने छैन ।

तपशिल

| क्र.स. | ऋणको बिवरण | जग्गाको बिवरण |
|---|---|---|
| १ | नाम : अरुण कुमार ठाकुर<br>ठेगाना : बाह्रदशी-०४<br>बाबुको नाम : प्रभु नारायण ठाकुर<br>बाजेको नाम : भुवेश्वर ठाकुर<br>श्रीमतीको नाम : निति देवी ठाकुर | जग्गाधनीको नाम : अरुण कुमार ठाकुर<br>जग्गाको साबिक ठेगाना : चकचकी : ०२<br>कित्ता नं. : २८७<br>क्षेत्रफल : ०-१-०-०. |
| २ | नाम : अनिता कार्की श्रेष्ठ<br>ठेगाना : मेचानगर-०६<br>बाबुको नाम : भिम प्रसाद कार्की<br>बाजेको नाम : दुक बहादुर कार्की<br>श्रीमानको नाम : एकराज श्रेष्ठ | जग्गाधनीको नाम : एकराज श्रेष्ठ<br>जग्गाको साबिक ठेगाना : धुलावारी-०४<br>कित्ता नं. : २५९७ र २५९८<br>क्षेत्रफल : ०-०-१०-० र ०-०-१०-० |
| ३ | नाम : साहारा खातुन<br>ठेगाना : अर्जुनधारा-०८<br>बाबुको नाम : ईमारत मिया<br>बाजेको नाम : मोहमद बंशिर<br>श्रीमानको नाम : प्यारुल महमद | जग्गाधनीको नाम : साहारा खातुन<br>जग्गाको साबिक ठेगाना : शनिश्चरे-०२<br>कित्ता नं.: २१६५<br>क्षेत्रफल : ०-०-५-० |
| ४ | नाम : निर्मला देवी राई<br>ठेगाना : अर्जुनधारा-०७<br>बाबुको नाम : दिल प्रसाद राई<br>बाजेको नाम : बिर बहादुर राई<br>श्रीमानको नाम : रामकुमार राई | जग्गाधनीको नाम : निर्मला देवी राई<br>जग्गाको साबिक ठेगाना : पाराखोपी-०२<br>कित्ता नं. : २१२२<br>क्षेत्रफल : ०-१-०-० |

**पुनश्चः** १) धितो सदर गर्नेले धितो हाल जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा स्वीकार गर्नुपर्नेछ ।
२) धितो लिलाम बिक्री प्रक्रिया खुल्ला डाक बढाबढका आधारमा गरिने छ ।
३) डाक बढाबढमा कायम हुन आएको रकममा डाक सदर गर्ने नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहने छ ।
४) यदि धितो लिलामी प्रक्रियामा डाक पेश वा सदर हुन नसकेमा संस्थाले आफै उक्त धितो सकार गरी आफ्ना नाममा नामसारी गरिलिने छ ।
५) धितो लिलामी हुने दिनसम्म कर्जा तिरी बुझाई धितो उकास्न पाउने अधिकार सम्बन्धित ऋणी तथा जमानत कर्तामा रहेको छ ।

प्रबन्धक
सन्तोष कुमार श्रेष्ठ





महोत्सवका आकर्षण
- चलचित्र प्रदर्शनी
- चलचित्र कार्यशाला
- चलचित्र-पर्यटनसम्बन्धी गोष्ठी
- सांस्कृतिक झाँकी

समुद्घाटन कार्यक्रम
मिति : २०८१ जेठ ६ गते
समय : दिउँसो २ बजे
स्थान : नयाँ बसपार्क, बिर्तामोड

व्यवस्थापक
नेपाल चलचित्रकर्मी संघ
कोशी प्रदेश, नेपाल (केन्द्रीय कार्यालय : बिर्तामोड, झापा)

आयोजक
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
विराटनगर, कोशी प्रदेश, नेपाल


## एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. ... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

### निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

झापा जिल्ला, पृथ्वीनगर गा.वि.स वडा न. ५ स्थाई ठेगाना भई भद्रपुर न.पा. वडा न.२ मा बस्नुहुने खड्गबहादुर भुजेलका छोरा,रेनुका भुजेलका पति,स्व.पूर्ण बहादुर भुजेल खवासको मिति २०८०/११/११ गते मृत्यु भएको हुनाले यस बैंकको सोमबारे शाखामा रहेको निजको बचत खाता नम्बर ०२७०१०००२१०१५७००००००१ मा भएको सम्पुर्ण रकम भुक्तानी पाउँ भनी निजकी श्रीमतीले यस बैंकसमक्ष निवेदन पेश गरेको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकम उपर अरु कसैको हक दावी भए बैंक तथा वित्तीय सस्था सम्बन्धी ऐन २०६३ को दफा ८१ बमोजिम अग्राधिकार वाल हकदारहरुले सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो हकदावीको सबुत प्रमाणसहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनु होला । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई यस सूचनाद्वारा जानकारी गराईन्छ ।

शाखा कार्यालय, सोमबारे
फोन नं. ९८५२६५६३३३

## एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. ... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

### निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश ,झापा जिल्ला, भद्रपुर न.पा. वडा नं.-०९ स्थायी ठेगाना भई झापा जिल्ला, भद्रपुर नगरपालिका वडा नं.-०९बस्नुहुने श्री बनवारी लाल अग्रवालकी नातिनी, श्री विजयकुमार अग्रवालकी छोरी, श्रीमती अमीता अग्रवालको मिति२०८१/०१/२४गते मृत्यु भएकाले निजको नाममा यस बैंकको शाखा कार्यालय भद्रपुरमा रहेको वचत खाता नं. ००९०१२०००४२७१९००००००१मा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका श्रीमान पुष्करमल अग्रवालले मिति२०८१/०२/०७मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ वमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्वन्धित सवैमा जानकारीका लागि सूचित गरिएको छ ।

शाखा कार्यालय, भद्रपुर
फोन नं. ०२३– ५२३३०८ मो: ९८०२३१२३०९

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

# विश्वासको मतले जनतामा अविश्वास

गठबन्धन फेरिएपछि प्रधानमन्त्री पुष्पकमल दाहालले चौथो पटक विश्वासको मत लिएका छन् । गठबन्धन फेरिदै पटक पटक विश्वासको मत लिएपनि जनताको अविश्वास बढ्दै गएको छ । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेससहित विपक्षी दलहरूको बहिष्कारका बिच प्रधानमन्त्री पुष्पकमल दाहालले सोमबार प्रतिनिधि सभाबाट विश्वासको मत पाएका छन्। यो कार्यकालमा प्रधानमन्त्रीले चौथो पटक विश्वासको मत लिएका हुन् ।

संसदमा उपस्थित १५८ जना सांसदमध्ये विश्वासको मतको पक्षमा १५७ मत परेको छ । विपक्षमा शून्य मत परेको छ । तटस्थमा एक मत परेको सभामुख देवराज घिमिरेले सभालाई जानकारी गराएका थिए ।

प्रधानमन्त्री भएको १७ महिनामा प्रचण्डले चौथोपटक विश्वासको मत लिएका हुन् । समीकरण फेरिएको तीन महिना नपुग्दै सरकारमा सहभागी दल जसपा नेपाल विभाजन भएपछि प्रचण्डले फेरि विश्वासको मत लिनु परेको हो ।

जसपा नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिए पनि विपक्षमा रहेको जनमत पार्टीले साथ दिँदा विश्वासको मत यथास्थितिमा राख्न प्रधानमन्त्री सफल भएका छन् । तर सत्ता गठबन्धनभित्र रहेका एकीकृत समाजवादीका प्रकाश ज्वाला, नाउपाका गंगाराम चौधरी र एमालेका वसन्त नेम्वाङ भने बैठकमा अनुपस्थित भए ।तर योपटक विश्वासको मत लिन उनले विपक्षीको अवरोध झेल्नु पर्‍यो । सहकारी ठगी प्रकरणमा उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछाने जोडिएको भन्दै प्रमुख प्रतिपक्षी कांग्रेसले अवरोध जारी राखेको बिच प्रधानमन्त्रीले पेलेरै विश्वासको मत लिएका हुन् । समाभुख घिमिरेले प्रधानमन्त्रीले पेस गरेको प्रस्तावको समर्थनमा एमालेका सांसद विष्णुप्रसाद पौडेललाई मात्र बोल्न दिएका थिए । विपक्षी कांग्रेस, राप्रपा, लोसपा, जसपा नेपाललगायतका दलहरूले बहिस्कार गरे ।

यसअघि फागुन ३० गते प्रधानमन्त्री प्रचण्डले तेस्रो पटक विश्वासको मत लिँदा १५७ मत पाएका थिए । त्यसयता सरकारबाट जसपा नेपाल बाहिरिए पनि प्रचण्डलाई विश्वासको मतमा भने खासै फरक परेन । जसपा बाहिरिए पनि जसपाबाट विभाजित भएर बनेको जसपा नेपाल र यसअघि विपक्षी गठबन्धनमा रहेको जनमत पार्टीले साथ दिँदा प्रचण्डको पक्षमा मत घट्न नपाएको हो ।

२०७९ पुस १० गते एमालेको प्रस्तावमा प्रचण्ड प्रधानमन्त्रीमा नियुक्त भएका थिए । पहिलो पटक उनले २०७९ पुस २६ गते प्रतिनिधि सभाबाट विश्वासको मत लिएका थिए । त्यतिबेला विश्वासको मत सम्बन्धी प्रस्तावको पक्षमा २६८ र विपक्षमा दुई मत परेको थियो । बैठकमा कुल २७० सांसदले मतदान गरेका थिए । प्रधानमन्त्री प्रचण्डले संसदमा उपस्थित संख्याको ९९.२५ प्रतिशत मत पाएका थिए ।त्यसबेला सत्ता पक्षबाट माओवादीसहित एमाले, रास्वपा, राप्रपा, जसपा, नाउपाले र राष्ट्रिय जनमोर्चाले विश्वासको मत दिए । यस्तै विपक्षी दल कांग्रेस, एकीकृत समाजवादी, लोसपा र केही स्वतन्त्र सांसदले पनि विश्वासको मत दिएका थिए ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस्
www.pratidindaily.com

# नीति तथा कार्यक्रमका चुनौती



• राजेन्द्र किराती

सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम घोषणा गरेको छ । यसलाई सरसर्ती हेर्दा राम्रै देखिन्छ । केही नयाँ कार्यक्रम पनि समावेश गरिएका छन् । देश, जनता, मतदाता, महिला, युवा, दलित, अल्पसंख्यक र विपन्नलक्षित कार्यक्रम छन् । कृषि, उद्योग, पर्यटन र प्रविधिको चर्चा धेरै गरिएको छ ।

नराम्रो र हित नगर्ने प्रसङ्ग कहीँ कतै छैन । नीति तथा कार्यक्रमको आदिदेखि अन्त्यसम्म मतदाताप्रिय कार्यक्रम छन् । यहाँसम्म कि यसलाई अक्षरशः कार्यान्वयन गर्ने हो भने समृद्ध नेपालको वस्तुगत आधार बन्दैन भन्न सकिन्न तर कायक्रम आउने र ल्याउने कुरा एउटा पक्ष हो भने कार्यान्वयन अर्को पाटो हो । यसअघिका कार्यक्रम पनि नराम्रो भएर कार्यान्वयनमा समस्या आएको होइन । समस्या वा चुनौतीको सारभूत कारण भने अरू नै छन् ।

अर्थ/राजनीतिक कारण

कुनै पनि मानव समाजलाई गतिशील रूपमा अगाडि बढाउन मनोगत इच्छा, चाहना र भावना मात्र पर्याप्त हुँदैन । मानव समाजलाई कसरी उन्नत, न्यायिक र समृद्ध बनाउने भन्ने कुरामा निश्चित राजनीतिक विचार, दृष्टिकोण र मूल्यमान्यता निर्णायक हुन्छन् अर्थात् राजनीतिक सिद्धान्त र आदर्श प्रधान हुन्छ भने कार्यक्रम सहायक हुन्छ । हरेक कार्यक्रम निश्चित अर्थ/राजनीतिक विचारद्वारा निर्देशित हुन्छ । यसको उठान र बैठान वा कार्यान्वयन अर्थ/राजनीतिक चरित्रमा अन्तर्निहित हुन्छ ।

सिङ्गो मानव समाजलाई कस्तो बनाउने भन्ने कुरा राजनीतिक मूल्य र उद्देश्यमा निर्भर हुन्छ । यस्तो वस्तुगत अर्थ/राजनीतिक धरातलमा हामी कसैको राम्रो र बनिबनाउ चाहना र भावना समाजमा हाबी हुन सक्दैन । त्यो भनेको अन्ततः कार्यान्वयन नहुनु हो ।

आजको विश्व व्यवस्था भूमण्डलीकृत नवउदारवादी पुँजीवादद्वारा निर्देशित छ । यस्तो अर्थ/राजनीतिक संस्कृतिमा विश्व मानव समाज एउटै विश्व बजार बन्न पुग्दछ । यसरी विश्व बजारीकरण गरिएको समाजमा केही सम्भ्रान्त र धनी मुलुकले विश्व बजारसँगै सिङ्गो अर्थतन्त्रमा पकड जमाउने गर्छन् । दलाल पुँजी बजार र राष्ट्रिय पुँजी बजार अन्तर्विरोधी आयामहरू हुन् । एउटा आयामको मरणमा अर्को आयामको जीवन निर्भर हुन्छ । वस्तुतः नीति तथा कार्यक्रम भनेको खास मुलुकको आन्तरिक पुँजी उत्पादनलाई चलायमान गराउने भन्ने हुन्छ । यो राष्ट्रिय पुँजी उत्पादनलाई प्राथमिकतामा राख्ने कार्यक्रम हो तर दलाल पुँजीवादी अर्थ/राजनीतिक उत्पादन पद्धति हाबी भएको समाजमा राष्ट्रिय अर्थतन्त्र निर्माणमा केन्द्रित नीति तथा कार्यक्रम कामयाबी हुँदैन । त्यसैले विगतदेखि नै कार्यक्रम कार्यान्वयनमा गम्भीर चुनौती भोग्नु परिरहेको तितो यथार्थ कसैमा छिपेको छैन ।

सांस्कृतिक कारण

राष्ट्रिय पुँजी उत्पादन प्रक्रियाको प्राण भनेकै श्रम संस्कृति हो । आमश्रम संस्कृतिबिना राष्ट्रिय पुँजी निर्माण सम्भव हुँदैन । कुनै पनि समाजको सर्वाङ्गीण विकास, न्याय र समृद्धि भनेको सचेत, योजनाबद्ध र सङ्गठित श्रम संस्कृतिमा अडेको हुन्छ । यो कुनै लहड, सनक, स्वार्थ र भाइरल बन्ने निजी स्वार्थमा मात्र सीमित हुँदैन । यो ठोस लक्ष्यसहितको आम र सङ्गठित श्रम संस्कृतिमा आधारित हुन्छ । यसका लागि सिङ्गो मुलुक एकल भिजनमा गोलबन्द भएर सङ्गठित र योजनाबद्ध रूपमा अघि बढ्नु पर्छ । तब मात्र आर्थिक समृद्धि हासिल गर्न सकिन्छ ।

दलाल पुँजीले नेतृत्व गरिरहेको वर्तमान विश्व अर्थ/राजनीतिमा श्रम संस्कृतिलाई मारिरहेको छ । यसमा उनीहरूका थरी थरीका माल उपभोग गर्ने निरपेक्ष उपभोक्ता मात्र बनाइने गरिन्छ । विभिन्न ब्रान्डका सामग्री उपभोग मात्र गर्ने निरपेक्ष भाते, स्वादे, अल्छे र भोगविलासे मात्र बनाइदिन्छ । उत्पादनभन्दा पनि मनोरञ्जन अनि आत्मनिर्भरभन्दा पनि झनै निरपेक्ष परनिर्भर बनाउने गर्छ । उपभोगवादी देखासिकी अत्यधिक हुन्छ । आफ्नो उत्पादनमा जोड गर्ने मनोवैज्ञानिक संस्कृति नै हुँदैन । विदेशी महँगो सामान किन्ने क्षमता विकास वा आहारविहारलाई सांसारिक सफलता र मोक्ष प्राप्ति मान्ने गरिन्छ । यस्तो वस्तुगत धरातलमा श्रम, उद्यमशीलता र सामूहिक वा राष्ट्रिय लक्ष्यमा एकाकार हुन सकिँदैन । परिणामतः नीति तथा कार्यक्रम कार्यान्वयन हुँदैन ।

लगानी

कुनै पनि समाजको आर्थिक समृद्धि भनेको योजना, लगानी, उद्यम र प्रतिफलसँग जोडिएको हुन्छ । बृहत् राष्ट्रिय योजनाबिना लगानी आकर्षित हुँदैन । लगानीबिना उद्यमशीलता सम्भव हुँदैन । उद्यमशीलताबिना उत्पादन हुँदैन । उत्पादनबिना प्रतिफल वा लक्ष्य चुम्न सकिँदैन । यसकारण लगानी आकर्षित गर्न ठोस उद्देश्य, योजना र कार्यक्रम जरुरी हुन्छ ।

दलाल पुँजी हाबी भएको समाजमा भने उत्पादनमूलक पुँजी लगानी हुँदैन । यसमा अधिकांश पुँजी लगानीमा दलाल पुँजीको हिस्सा हाबी हुन्छ । दलाल पुँजीले हमेसा उत्पादनमूलक क्षेत्रमा लगानी गर्दैन । यसले अरू सेवामूलक क्षेत्रमा मात्र लगानी गर्छ । उनीहरूलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्नु भनेको कुनै पनि मुलुक आत्मनिर्भर बन्नु हो । यसरी आत्मनिर्भर बन्नु भनेको दलाल पुँजीवादी उत्पादनलाई निरुत्साहित गर्नु हो । यस्तो प्रतिकूल अवस्थामा राष्ट्रिय पुँजीपति वर्गले पनि लगानी गर्ने आँट गर्दैनन् । किनभने दलाल पुँजीवादीले यसलाई टिक्न दिँदैन; जसले लगानीमैत्री वस्तुगत तथा आत्मगत वातावरण बन्दैन । परिणामतः हाम्रो नीति तथा कार्यक्रम कार्यान्वयन गर्न लगानी अभाव पनि ज्वलन्त कारण देखिन्छ ।

दलीय आग्रह/पूर्वाग्रह

आजको लोकतन्त्र भनेको बहुदलीय तन्त्रमा आधारित छ यद्यपि पछिल्लो समय यो बहुदलबाट द्विदलीय तन्त्रमा सीमित हुँदै गइरहेको देखिन्छ । केही साना दल सतहमा देखिए पनि निर्णायक उपस्थिति दुई दलको गुरुत्व केन्द्रवरिपरि नै छ । यसले केही आवधिक चुनावको सेरोफेरोसम्म आलोपालो शासनसत्ता सञ्चालन गर्दै आइरहेको प्रष्टै छ । यस्तो प्रणालीमा दलहरूबिच तिक्त सम्बन्ध हुने गर्छ । एउटा दलको जीवनमा अर्को दलको पतन अडेको हुन्छ । एउटा दलको खुम्च्याइमा अर्को दलको फैलाइ जोडिएको हुन्छ । एउटा दलको प्रवेशमा अर्को दलको बहिर्गमन अन्तर्निहित हुन्छ । एउटाको हारमा अर्कोको जित गाँसिएको हुन्छ । हरेक राजनीतिक मूल्यमान्यता, उठबस र आदर्शलाई चुनावी हारजितसँग मात्र जोड्ने, नाप्ने र तौलने गरिन्छ ।

यस्तो संसदीय आवधिक चुनाव हारजितको रणनीतिक स्वार्थमा कैद गरिएको राजनीतिमा दलीय अन्तर्विरोध असाध्यै बढी हुन्छ । यसरी दलीय अन्तर्विरोध हाबी भएको अर्थ/राजनीतिक प्रणालीमा मुद्दाको न्यायिकपना, प्रगतिशीलता, व्यापकता र उत्पादनशीलताका आधारमा समर्थन र विरोध गर्ने संस्कृति हुँदैन । राजनीतिक, सिद्धान्त, दृष्टिकोण, विचार र मूल्यमान्यताका आधारमा बहस र छलफल गरिँदैन । न्यायिक र गैरन्यायिक, अग्रगामी र पश्चगामी अनि जनपक्षीय र जनविरोधी भएको आधारमा मूल्याङ्कन गरिँदैन । यसमा केवल चुनावलक्षित गतिविधि मात्र गरिन्छ । दल दलबिचको समर्थन र विरोध पनि मुद्दाकेन्द्रित हुँदैन । सम्पूर्ण राजनीतिक उठबस आवधिक चुनावलक्षित हुन्छ । अर्थात् चुनाव हराउनु र जिताउनका लागि राम्रो कामको विरोध र नराम्रो कामका लागि समर्थनसमेत गर्नुपर्ने हुन्छ । यस्तो निजी चुनावी स्वार्थ टकराइरहेको समाजमा जनहितकै काममा पनि बखेडा झिक्ने गरिन्छ; जसले घोषित कार्यक्रम कार्यान्वयन गर्न कठिन हुन्छ ।

निष्कर्ष

त्यसैले सरकारले घोषणा गरेको नीति तथा कार्यक्रम राम्रै भए पनि यसलाई कार्यान्वयन गर्ने पाटो निकै जटिल देखिन्छ । वस्तुतः कार्यक्रम सफल र असफल हुनुमा सरकारको इच्छाशक्ति मात्रै निर्णायक हुँदैन । यसका लागि वर्तमान विश्व अर्थ/राजनीतिक चरित्र, यसैद्वारा निर्देशित सांस्कृतिक मनोविज्ञान, लगानी अनिश्चितता, दलीय आग्रह/पूर्वाग्रहलगायत प्रतिकूल आयामहरू गम्भीर चुनौती बन्ने देखिन्छ ।

तसर्थ नीति तथा कार्यक्रमलाई वस्तुवादी र व्यावहारिक ढङ्गले कार्यान्वयन गर्ने हो भने राजनीतिक रूपमा दलाल पुँजीवादी उत्पादन पद्धतिलाई निरुत्साहित गर्नै पर्छ । यसरी दलाल पुँजीलाई निस्तेज गरेपछि राष्ट्रिय श्रम संस्कृति अनिवार्य बन्दै जाने छ । राष्ट्रिय श्रम वा उद्यमशीलताले लगानीमैत्री वातावरण बन्ने छ । मुलुक आत्मनिर्भर बन्ने छ; जसले दलीय आग्रह पूर्वाग्रह न्यून हुँदै जाने छ । नयाँ किसिमको राष्ट्रिय एकता पैदा हुने छ । राष्ट्रिय आत्मनिर्भर पुँजी उत्पादनमा सबै सरोकारवाला सचेत, योजनाबद्ध र उद्देश्यगत रूपमा सङ्गठित गर्नुपर्ने हुन्छ । त्यसपछि नीति तथा कार्यक्रम मात्र होइन, सबै घोषित कार्यक्रम कार्यान्वयन गर्ने अनुकूल वातावरण तयार हुने छ ।

# नयाँ बजेटको दिशा



• जुनारबाबु बस्नेत

नयाँ आर्थिक वर्ष २०८१/८२ को बजेटको तयारी यतिबेला अन्तिम चरणमा पुगेको छ । राष्ट्रपति रामचन्द्र पौडेलले जेठ १ गते नै संसद्का दुवै सदनको संयुक्त बैठकमा आगामी आवको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभयो । केही अवरोध भए पनि नीति तथा कार्यक्रमबारे सदनमा छलफल हुने नै छ । संविधानले नै नयाँ आवको बजेट जेठ १५ गते ल्याउनै पर्ने व्यवस्था गरेकाले गृहकार्य समय धेरै छैन । आगामी आवको बजेट प्रस्तुत नीति तथा कार्यक्रमलाई सफल बनाउने वार्षिक कार्यक्रम हो, राजकीय औजार हो । सामान्यतया बजेट आर्थिक कार्यक्रम भए पनि यो राजनीतिले निर्देशित गर्ने, गरिरहने दस्ताबेज हो । साधन र स्रोत जुटाएर समग्र जनहितका निम्ति राजनीतिक उद्देश्य पूरा गर्न बजेट ल्याइन्छ । कतिपय अवस्थामा भने राजनीतिक उद्देश्यलाई बढी प्रियतम बनाउँदा बजेट फितलो बन्न जान्छ । बजेटले राखेका लक्ष्य पूरा हुँदैनन् । नीति र कार्यक्रम नै अपूरा बन्छन् । विगतको तिता अनुभव अब दोहोरिनु राम्रो हुन्न ।

प्राविधिक रूपमा बजेट निर्माण गर्दा अघिल्लो आवको बजेटको उपलब्धि हेरिन्छ । अघिल्लो आवको उपलब्धि मात्र होइन, चालु आवको बजेट कार्यान्वयनको अवस्थासमेत हेरेर नयाँ बजेटको दिशा निर्देश गरिन्छ । हाम्रो सन्दर्भमा गत आवको उपलब्धिको त्यति राम्रो तस्बिर छैन । न्यून राजस्व, न्यून आय, सुस्त उत्पादन, बेरोजगारीले अर्थतन्त्रलाई थिचेको छ । चालु आव कुल १४ खर्ब २२ अर्ब रुपियाँ राजस्व उठाउने लक्ष्य लिइएको थियो तर जेठ ५ गतेसम्म कुल राजस्व आठ खर्ब ४० अर्ब रुपियाँ मात्र उठेको छ । चालु आवको १० पहिना पाँच दिन बितिसकेको छ । अब यो आवका निम्ति बाँकी एक महिना २५ दिन हाराहारी मात्र छ । यो अवधिमा राजस्व ५९.८ प्रतिशत मात्र उठेको छ । उठाउनु पर्ने राजस्वको ४० प्रतिशत हाराहारी उठाउन अबको दुई महिनाभन्दा कम समयमा सम्भव छैन । नयाँ आवको बजेट बनाउँदा यो पक्षलाई गम्भीर विश्लेषण गरेर कसरी राजस्वलाई लक्ष्य अनुरूप बनाउन सकिन्छ भन्नेतर्फ ध्यान दिनै पर्ने छ ।

न्यून राजस्व मात्र होइन, खर्चको संरचनाको ताजा तस्बिरलाई पनि विश्लेषण गर्नैपर्ने हुन्छ । चालु आवको जेठ ५ गतेसम्म पुँजीगत खर्चको अवस्था असाध्य नाजुक छ । आवको १० महिनामा पूरा भइसक्दा विनियोजित बजेटको ३९ प्रतिशत मात्र खर्च भएको छ । त्यसै अवधिमा साधारण खर्च भने ६६ प्रतिशतभन्दा बढी भएको छ । चालु आवका निम्ति कुल तीन खर्ब दुई अर्ब रुपियाँ पुँजीगत खर्च विनियोजन गरिएको थियो । जेठ ५ गतेसम्मको आँकडाले एक खर्ब १८ अर्ब रुपियाँ मात्र खर्च भएको देखाउँछ । अर्थतन्त्रमा नयाँ रोजगारी सिर्जना गर्ने, विकास निर्माणलाई अगाडि बढाउने, आय र उत्पादन बढाउने काम पुँजीगत खर्चकै जिम्मेवारी हो । त्यही पुँजीगत खर्च भने अति सुस्त हुँदा अर्थतन्त्रले गति लिएको छैन ।

पुँजीगत खर्च सुस्त अर्थतन्त्रमा बहुआयामिक प्रतिकूल प्रभाव परिरहेका छन् । अर्थतन्त्र शिथिल हुनुको एउटा उल्लेखनीय कारण पुँजीगत खर्च न्यून हुनु नै हो । अर्थशास्त्रको सामान्य सिद्धान्तले सरकारले एक खर्ब खर्च गर्दा अर्थतन्त्रले चार खर्बको ऊर्जा पैदा गर्छ । अर्थतन्त्रका फैलावट बढाउँछ भन्ने छ । अर्थतन्त्रका गतिशीलता र फैलावटमा सरकारले प्राप्त गर्ने राजस्वको आकार पनि बढ्दै जान्छ । सरकारको राजस्व न्यून हुनुमा पुँजीगत खर्च न्यून हुनु प्रमुख कारण नै हो र यसले निजी क्षेत्रलाई लगानीमैत्री बनाउन सकेको छैन । अबको बजेटमा खर्च नै हुन नसक्ने पुँजीगत बजेट विनियोजन गरेर काम छैन । खास गरी सत्ताको विभिन्न स्थानमा बसेका पहुँचधारी जसरी पनि आआफ्नो क्षेत्रमा बजेट पार्न उद्यत हुन्छन् । बजेट त पार्छन् तर ती विकास परियोजनाको अध्ययन तथा कार्यान्वयन प्रक्रिया अगाडि बढाउन सम्भव हुने खालका हुँदैनन् । सोही कारणले बजेटमा राखे पनि विकास आयोजना कार्यान्वयन हुँदैनन् । त्यसको असर पुँजीगत खर्चमा पर्छ, परिरहेको छ । अब यो प्रवृत्ति दोहोरिन हुँदैन ।

पुँजीगत खर्च न्यून भए पनि साधारण खर्च भने राम्रै गरी खर्चिएको देखिन्छ । जेठ ५ गतेसम्म साधारण खर्च सात अर्ब ६४ अर्ब भइसकेको छ । यो कुल विनियोजनको झन्डै ६७ प्रतिशत हो । विनियोजित साधारण खर्च दुईतिहाइ भन्दा बढी भइसकेको छ । अझ अचम्म लाग्दो पक्ष त के छ भने उठेको राजस्वभन्दा भएको खर्च दुई खर्बभन्दा बढी छ । साधारण, पुँजीगत र वित्तीय व्यवस्थापन गरी आवको ११ औँ महिना लाग्दा १० खर्ब ७४ अर्ब खर्च भइसकेको छ तर यो अवधिमा राजस्व, बाह्य सहयोग, अनुदान र आन्तरिक ऋणलगायत गरी आठ खर्ब ६५ अर्ब मात्र साधन र स्रोत उपलब्ध छ । सरकारी वित्त घाटामा रहेको तस्बिर यसले स्पष्ट देखाउँछ । आगामी आवमा १८ खर्ब रुपियाँको सीमा भए पनि धेरै गम्भीर गृहकार्य गर्नुपर्ने देखाउँछ ।

यो नयाँ दशक अर्थात् २०८० को दशकको दोस्रो आवका बजेट हो । नयाँ दशकको पहिलो आवको तस्बिर त्यति राम्रो देखिएन । नयाँ दशकको दोस्रो आवदेखि सोह्रौँ पञ्चवर्षीय योजनाको पहिलो वर्षसमेत हो । बितेका १५ वटा योजनाले अर्थतन्त्र र देशको विकासमा योगदान त नदिएका होइनन् तर लक्ष्य अनुसार देशले दिशा निर्देश गर्न सकेको छैन । चार दशकअघि हाम्रै हाराहारीमा रहेका मुलुकको आर्थिक तथा सामाजिक विकासको रेखाचित्र धेरै माथि पुगिसकेको छ । हामी ठुलै अल्मलमा छौँ । राजनीतिक रूपमा देश संघीय गणतन्त्रमा पुगेको छ तर आर्थिक विकासले सही मार्गप्रशस्त गर्न नसक्दा अहिले विदेशमोह र बाध्यताको कुचक्रमा नेपाली दाजुभाइ छन् । जनशक्ति बाहिर मात्र गएको देशको विकास मृगतृष्ण मात्र हुन्छ । नयाँ बजेटको दिशा यी गहन विषयमा केन्द्रित हुनै पर्छ ।

देशले भर्खरै लगानी सम्मेलन सम्पन्न गरेको छ । कुनै पनि देशको आन्तरिक पुँजी मात्र विकासका निम्ति पर्याप्त हुँदैन । दुई विशाल छिमेकी मुलुक भारत र चीनले बाह्य लगानी र पुँजीले बितेको तीन दशकमा चमत्कारै गरे । चीन विश्वको दोस्रो ठुलो अर्थतन्त्र बन्यो भने भारत भर्खरै मात्र विश्वको पाँचौँ ठुलो अर्थतन्त्र बनेको छ । चीनको अमेरिकालाई उछिनेर पहिलो अर्थतन्त्र बन्ने सपना छ । केही वर्षअघिसम्म विश्वका १० ठुला अर्थतन्त्रभन्दा बाहिर रहेको भारत अहिले पाँचौँ ठुलो अर्थतन्त्र बन्न सफल भएको छ । राजनीतिक रूपमा उत्तरी चीन साम्यवादी अभ्यासमा छ भने भारत विश्वकै ठुलो लोकतान्त्रिक अभ्यास गर्ने मुलुकका रूपमा चिनिएको छ । दुवै देशले खुला र उदार अर्थतन्त्रको अभ्यासले आन्तरिक तथा बाह्य लगानीको वातावरण बनाएर उच्च आर्थिक वृद्धिको दिशामा अग्रसर भन्ने भुल्न हुन्न ।

दुवै मुलुकको अनुभवबाट अर्थतन्त्रमा बाह्य लगानी ल्याउन मार्गप्रशस्त गर्ने गरी हाम्रा नीति र योजनालाई अगाडि बढाउनु पर्छ । नयाँ बजेटले यो पक्षलाई प्रवर्धन गर्नु पर्छ । बाह्य लगानी ल्याउन कतिपय बाधक कानुन बदल्न तथा आवश्यक कानुनका निम्ति लगानी सम्मेलनकै मुखमा अध्यादेश जारी गरिएको छ । अध्यादेशबाट कानुन आउनु स्थिरताको दृष्टिले राम्रो होइन । संसद्ले समयमा कानुन बनाउनु पर्छ । सरकारले संसद्को विश्वास जितेर काम गर्नु पर्छ । संविधान निर्माणपछि तत्कालै बन्नुपर्ने कानुन नवौँ वर्षीतिर पुग्न लाग्दा पनि बन्न सकेका छैनन् । यी पक्षमा सुधार नभई बजेटले मात्र केही गर्न सक्ने छैन ।

सङ्घसँगै देशमा सात प्रदेशका सात वटा प्रादेशिक र ७५३ स्थानीय तह सरकारका रूपमा सरकार क्रियाशील छन् । सबै सरकारले आफ्नो नीति तथा कार्यक्रम र बजेट ल्याउँछन्, ल्याउनु नै पर्ने हुन्छ । कतिपय स्थानीय तहले राम्रै काम गरे पनि आमरूपमा सबै सरकारको विकास क्रियाशीलता सुस्त छ र उस्तै उस्तै छ । ऊर्जामय छैन । संघीय बजेटले सातै प्रदेश र समग्र स्थानीय तहलाई क्रियाशील बनाउने गरी नीति, योजना र कार्यक्रमलाई अनुकरणीय बनाउनु पर्छ । अर्थतन्त्रका नयाँ चुनौतीलाई सामना गर्ने गरी हरित अर्थतन्त्र निर्माणको जग बनाउन आसन्न बजेट आशावादी हुनु पर्छ । सुस्त अर्थतन्त्रलाई चलायमान बनाउन सम्पूर्ण रूपमा समर्पित हुनु पर्छ ।

त्यसो त नीति तथा कार्यक्रमले सरकारको प्राथमिकतामा स्पष्ट गर्दै प्राथमिकता निर्धारण गरेको छ । त्यसमा भनेको छ, "संविधान कार्यान्वयन, संघीयताको सबलीकरण, अर्थतन्त्रको सुधार र पुनरुत्थान, उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, सुशासन प्रवर्धन, सार्वजनिक सेवा प्रवाहमा सुधार र सरजीकरण, नागरिकमैत्री शासन प्रणालीको स्थापना तथा भ्रष्टाचार नियन्त्रण सरकारका मुख्य प्राथमिकता रहेका छन् ।" आउने बजेटले सरकारका यी प्राथमिकतालाई मूर्त रूपमा कार्यान्वयन गर्ने गरी कार्यक्रम र बजेटको व्यवस्थापन गर्नुपर्ने छ । प्राथमिकता

❖ बाँकी तेस्रो पृष्ठमा

# हेलिकप्टर दुर्घटनामा इरानी राष्ट्रपति र विदेशमन्त्रीको मृत्यु



एजेन्सी । हेलिकप्टर दुर्घटनामा इरानी राष्ट्रपति इब्राहिम रइसी र विदेशमन्त्री हुसेन अमिर अब्दुल्लाहियानको मृत्यु भएको छ । आइतबार भएको हेलिकप्टर दुर्घटनामा राष्ट्रपति रइसी र विदेशमन्त्री अब्दुल्लाहियानको मृत्यु भएको इरानी सरकारी सञ्चारमाध्यमहरूले पुष्टि गरेका छन् ।
दुर्घटनामा इरानको पूर्वी अजरबैजान प्रान्तका गभर्नर मालेक रहमातीको पनि मृत्यु भएको छ । इरानी सञ्चारमाध्यमहरूका अनुसार हेलिकप्टरमा सवार ९ जनाकै मृत्यु भएको छ । दुर्घटनामा राष्ट्रपति सवार बेल-२१२ हेलिकप्टरको पछाडिको केही भागबाहेक सबै जलेको छ ।

अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्सले समेत सरकारी अधिकारीहरूलाई उद्धृत गर्दै इरानी राष्ट्रपति र विदेशमन्त्रीसँगै सबै यात्रुको मृत्यु भएको जनाएको छ । नाम उल्लेख नगरी इरानी उच्च अधिकारीलाई उद्धृत गर्दै रोयटर्सले लेखेको छ, 'राष्ट्रपति रइसी, विदेशमन्त्री र सबै यात्रुको हेलिकप्टर दुर्घटनामा मृत्यु भएको छ ।'
यसअघि इरानी रेडक्रस सोसाइटीका अध्यक्ष पिर हुसेन कोलिवान्दले समेत हेलिकप्टर दुर्घटनास्थलमा कोही पनि जीवित रहेको संकेत देखा नपरेको बताएका थिए । इरानी अर्धसरकारी समाचार संस्था मेहर न्युज एजेन्सीले पनि राष्ट्रपति रइसी र विदेशमन्त्रीसँगै अन्य अधिकारी दुर्घटनामा सहिद भएको जनाएको छ ।

इरानी सञ्चारमाध्यमहरूका अनुसार आइतबार अजरबैजानसँगको सीमा क्षेत्रमा बाँधको उद्घाटनपछि फर्किँदै गर्दा राष्ट्रपति रइसी सवार हेलिकप्टर दुर्घटनामा परेको हो । स्थानीय सञ्चारमाध्यमहरूले राष्ट्रपति रइसी सवार हेलिकप्टरले फोर्सल्यान्डिङ गरेको समेत जनाएका छन् । तर यसको स्वतन्त्र पुष्टि भने भएको छैन ।
रइसी सन् २०२१ मा इरानको राष्ट्रपति चुनिएका थिए । न्यायिक तथा धार्मिक कुलिन वर्गसँग निकट सम्बन्ध रहेका ६३ वर्षीय रइसीलाई इरानी सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको सम्भावित उत्तराधिकारीका रूपमा समेत हेरिएको थियो ।रइसी सन् २०१७ मा समेत राष्ट्रपतिका लागि उम्मेदवार बनेका थिए । तर उनी हसन रुहानीसँग पराजित भएका थिए ।
रइसी राजनीतिक बन्दीहरूलाई दण्ड दिइएका मुद्दामा संलग्न थिए । अमेरिकाले उनीविरुद्ध प्रतिबन्ध लगाएको छ । इरानमा सर्वोच्च नेतापछि राष्ट्रपतीय पद दोस्रो वरीयताको हो इरानमा राज्यसम्बन्धी सम्पूर्ण मामिलाबारे अन्तिम निर्णय सर्वोच्च नेता आयातोल्लाह अली खामेनीले लिने गर्छन् । तर देशको आन्तरिक र वैदेशिक मामिलामा भने राष्ट्रपतिको महत्वपूर्ण प्रभाव हुने गर्छ । रइसीले आफ्नो व्यावसायिक जीवनको अधिकांश समय अभियोजनकर्ताको भूमिका निर्वाह गरेका थिए । सन् २०१७ मा राष्ट्रपति हसन रुहानीसँगको चुनावमा ठूलो अन्तरले हारेको दुई वर्षपछि सन् २०१९ मा उनी न्यायपालिका प्रमुख नियुक्त भएका थिए ।

रइसी सन् १९८० को दशकमा राजनीतिक बन्दीहरूलाई दिइएको सामूहिक मृत्युदण्डमा उनको उल्लेखनीय भूमिका रहेको भन्दै मानवाधिकारकर्मीहरूले आलोचना गर्ने गरेका छन् । यद्यपि, इरानले हालसम्म कहिल्यै पनि सामूहिक मृत्युदण्ड नदिइएको बताउँदै आएको छ । इरानी संविधानअनुसार कुनै पनि बहालवाला राष्ट्रपतिको निधन भएमा उपराष्ट्रपतिले कार्यभार सम्हाल्नेछन् । तर त्यसका लागि सर्वोच्च नेता अयोतल्लाह अली खामेनीको सहमति चाहिन्छ । साथै ५० दिनभित्र राष्ट्रपतिको चुनावसमेत गर्नुपर्नेछ । राष्ट्रपति रइसीको निधनसँगै उपराष्ट्रपति मोहम्मद मुखबरले इरानी सत्ता सम्हाल्ने आकलन गरिएको छ । इरानमा १२ जना उपराष्ट्रपति रहने प्रावधान छ । तर राष्ट्रपति रइसीको निधनसँगै पहिलो वरीयताका उपराष्ट्रपति मुखबरको काँधमा सत्ताको बागडोर आइपुग्नेछ ।
इरानमा राष्ट्रपतीय चुनाव २०२५ मा हुने तय भएको थियो । इरानी सर्वोच्च नेता खामेनी राज्य मामिलामा कुनै पनि अवरोध नहुने बताइसकेका छन् ।

# ५० प्रतिशत अनुदानमा धानको बीउ वितरण

झापा(प्रस) । भद्रपुर नगरपालिकाले कृषकलाई उन्नत जातको धानको बीउ ५० प्रतिशत अनुदानमा वितरण गरिरहेको छ । प्रतिकिलो रू. ६० देखि ९५ मा खरिद गरी किसानलाई बीउ वितरण गरिरहेको हो ।
नगरपालिकाको कृषि विकास शाखाका प्रमुख सुमन विमलीले धानको बीउमा गुणस्तर नियन्त्रण गर्न दुई बीउ उत्पादक संस्थासँग सम्झौता गरेर वितरण गरिरहेको जानकारी दिए । उनले धानको बीउ नउम्रेमा, बाली नलागेमा बीउमा मिसावट देखिएमा वा बाली बिग्रन गई आर्थिक क्षति भएमा बीउ उत्पादकले नै क्षतिपूर्ति उपलब्ध गराउने सम्झौता गरिएको बताए ।
धानको उत्पादन तथा बीउमा गुणस्तर नियन्त्रणका लागि उत्पादकसँग सम्झौता गरी वितरण गर्न लागिएको भन्दै भद्रपुर पहिलो नगरपालिका भएको



कृषि अधिकृत विमलीले दाबी गरे । उनका अनुसार नगरभित्रका किसानको मागका आधारमा २९ हजार आठ सय ८० किलो धानको बीउ खरिद गरी अनुदानमा वितरण गरिरहेको छ ।
कृषि विकास शाखाका अनुसार लल्का बास्मती, सुक्खाधान-३, बहुगुणी-१, बहुगुणी-२, शुद्धोधन कलानामक, साँवा मसुली सव-१, रामधान, स्वर्णा सव-१ र राधा-१२ जातका धानको बीउ खरिद गरिएको हो । कृषि अधिकृत विमलीका अनुसार संघ, प्रदेश र स्थानीय तहको समन्वय तथा सहकार्यमा गुणस्तरीय बीउबिजनको उत्पादन, आपूर्ति तथा वितरण प्रणालीको सुदृढीकरणका साथै स्वदेशी जातको बीउ प्रवर्द्धन गर्न धानको बीउ वितरण गरिएको हो ।

उनले किसानका मागका आधारमा औसतमा ३० किलोसम्म बीउ उपलब्ध गराइरहेको जानकारी दिए । कृषकलाई व्यावसायिक खेतीमा आत्मनिर्भर बनाउनुका साथै उत्साहित बनाउन नगरपालिकाले समय समयमा अनुदानमा बीउ वितरण गर्दै आएको कृषि विकास शाखाले जनाएको छ ।

# चट्याङले लागेर महिलाको मृत्यु



झापा(प्रस) । उदयपुरको रौतामाई गाउँपालिका-७ सिम्लेमा हावापानीसंगै आएको चट्याङले लागेर स्थानीय ५३ बर्षीया चन्द्री तामाङको मृत्यु भएको छ ।
शनिवार राति साढे १ बजे आफ्नै घरमा सुतिरहेको अबस्थामा अचानक हावापानीसँगै आएको चट्याङले लागेर परियारको घटनास्थलमा नै मृत्यु भएको हो । घटनाको जानकारी पाएलगत्तै जिल्ला प्रहरी कार्यालय उदयपुरबाट प्रहरी टोली खटिगई घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको छ ।

**चट्याङले नागरिक एफ.एम. बन्द**

भद्रपुरबाट प्रसारण भइरहेको नागरिक एफ.एम चट्याङले बन्द भएको छ ।
शनिवार राति परेको चट्याङले एफ.एम.को ट्रान्सफर्मरमा क्षति पुगेको र मर्मतका लागि काठमाडौं पठाइएको एफ.एम.का संचालक इश्वर अधिकारीले बताए । दुई दिनदेखि झापामा चट्याङसहित पानी परिरहेको छ ।

# मोटरसाइकल दुर्घटनामा दुईजना सख्त घाइते




भद्रपुर(प्रस) । झापाको चन्द्रगढीमा मोटरसाइकल दुर्घटना हुँदा दुईजना सख्त घाइते भएका छन् ।
सोमवार बेलुका ६ बजे भद्रपुर १० स्थित सिद्धार्थ चौकमा चन्द्रगढीबाट शहीद चौक घर जाने क्रममा प्रदेश १-०१-०१३प ८८७१ नं को मोटरसाइकल दुर्घटना हुँदा मोटरसाइकल चालक शहीद चौक निवासी २२ वर्षीय नवराज पाण्डे र पछाडि सवार भद्रपुर १० कै १८ वर्षीया पुष्पा कार्की घाइते भएका हुन् । तीब्र गतिमा मोटरसाइकल चलाउँदा अनियन्त्रित भई दुर्घटना भएको प्रत्यक्षदर्शीले बताएका छन् । घाइतेहरुलाई प्रहरीको सहयोगमा उपचारका लागि ओमसाई पाथीभरा अस्पताल लगिएको छ ।

## नयाँ...

सोकेसमा सजाउन खालका मात्र हुनुहुन्न । संघीय अभ्यासमा गएको मुलुकले धेरै कार्यक्रम संघमै राखेर सफलता प्राप्त हुँदैन । प्रदेश र स्थानीय तहलाई जिम्मेवारी हस्तान्तरण गर्दै जानु पर्छ । संघ र प्रदेशको साधारण खर्चलाई कटौती गरी पुँजीगत खर्चमा बढोत्तरी वाञ्छनीय छ । स्थानीय तहले केन्द्रकै मुख ताकेर मात्र बजेट निर्माण गर्ने परिपाटीमा बिस्तारै कम गर्दै स्थानीय साधन र स्रोतको बढी उपयोग गर्नु पर्छ, त्यो दिशामा जानुपर्ने छ । अर्थतन्त्रमा नीतिगत, संस्थागत र संरचना गर्न सुधार गरी कृषि, उद्योग र सेवा क्षेत्रको फैलावट बढाउन निजी क्षेत्रमैत्री वातावरण बजेटले तय गर्नुपर्ने छ । सूचना प्रविधि उद्यमलाई आकर्षित गरी अर्थतन्त्रको नयाँ आधार बनाउन अब ढिला गर्नु हुँदैन । बढ्दो जलविद्युत् उत्पादनलाई स्वदेशी अर्थतन्त्र निर्माणमा लगाई हरित अर्थतन्त्रबाटै आय, उत्पादन र रोजगारी बढाउने तौरतरिकाको बजेटले नै नयाँ चुनौतीको सामना गर्ने छ ।

**पृथ्वी सबैको साझा घर हो ।**
**वन्यजन्तु तथा मानवको सहअस्तित्वमा जोड दिऔं ।**
**मानव हात्ती द्वन्दको अन्त्य गरौं ।**

हात्तीबाट सुरक्षित रहन ध्यान दिनु पर्ने कुराहरु:

- हात्ती आएको थाहा पाउने वित्तिकै जतिसक्दो छिटो सुरक्षित स्थानमा जाने, हात्तीबाट टाढै रहने ।
- हात्ती देख्नासाथ हो-हल्ला नगर्ने, आगोले नहान्ने, पटका नपड्काउने ।
- खेतीबाली, अन्न र घर सम्पत्ती भन्दा पहिला मानिस सुरक्षित रहने ।
- हात्ती धपाउदा सामूहिक प्रयास तथा सुरक्षित दुरीको पालना गर्ने ।
- मदिरा जन्य पद्वार्थ, नुन, अन्न मानिस सुत्ने ठाउँ नजिक नराख्ने । साथै मदिराजन्य पद्वार्थको सेवन गरी रातको समयमा हिडडुल नगर्ने ।
- घर वरीपरी विजुली बत्ती बाल्ने वा शक्तिशाली टर्चको प्रयोग गर्ने ।
- विहान तथा साँझको मधुरो प्रकाश भएको वेला वा रातीको अध्यारोमा सकभर हिडडुल नगर्ने ।
- बच्चासँग भएको हात्ती र माद चढेको हात्ती बढी आक्रमक हुने भएकाले संयमता अपनाउने ।
- गाउँ बस्तीबाट हात्तीलाई भगाउनु परेमा हात्ती जाने बाटो छोड्ने, चारै तिरबाट घेरा नहाल्ने ।

**याद राखौं, जंगली हात्ती नियन्त्रणको लागि विद्युतिय धराप थाप्नु दण्डनिय अपराध हो ।**

थप जानकारीको लागि:
डिभिजन वन कार्यालय, झापाको फोन नं. ०२३-४५२०५३
रातीको समयमा वन क्षेत्रको बाटो हिड्दा विशेष सतर्कता अपनाउनुहोस ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा




सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन


अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** रोकिएका कामहरू पुन: सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिथुन** सुखदु:ख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

**कर्कट** जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

**सिंह** सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

**कन्या** मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

**तुला** कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

**वृश्चिक** आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

**धनु** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**मकर** नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कुम्भ** ठूलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

**मिन** आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ